# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### इटहरी, सुनसरी
### कोशी प्रदेश, नेपाल

## इटहरी उपमहानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको १५ दिने सूचना।

दोश्रो पटक प्रकाशित मिति: २०८०।०५।१८

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ६२(क), इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन २०८० को दफा २० तथा स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही इटहरी उपमहानगरपालिका, सुनसरीको क्षेत्राधिकार भित्र पर्ने वन क्षेत्र बाहेक भएर बग्ने बुढी खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी बिक्री गर्ने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि तपसिलको सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम ( मु.अ. कर समेत) | धरौटी रकम | अवधी |
|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/1R/ 2080/2081 (राजस्व) | बुढी खोलाबाट नदीजन्य पदार्थको विक्री कर संकलन | ४५,९४३.६७ (खोलाहरुको नाका संख्या ४(चार) | १,१९,१५,५८०। | कबोल अंकको ५% | चलन पुर्जी पाएको भोलिपल्ट देखि २०८१ जेष्ठ मसान्तसम्म |

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३००००१००१००००१ (राजश्व शिर्षक नं.: १४२२९) मा रु. ३,०००.००।- नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैङ्क खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३०००००३००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम दिनबाट कम्तिमा १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।
- विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत